# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरु

| आयोगको बैठक सङ्ख्याः१०२ | निर्णय मितिः२०८२/०४/०९ |
|---|---|

**निर्णय नः १२०**

**विषयः आयोगको सातौं वार्षिक प्रतिवेदन, २०८२ (प्रदेशगत वार्षिक प्रतिवेदन समेत) तयार गर्नका लागि समिति गठन सम्बन्धमा।**

<u>निर्णयः</u>

आ.व .२०८१/८२ मा आयोगले गरेका काम कारवाहीको विस्तृत प्रतिवेदनको रुपमा **आयोगको सातौ वार्षिक प्रतिवेदन, २०८२** तयारीका लागि आयोगका माननीय अध्यक्षज्यूको संयोजकत्वमा **निर्देशन समिति** गठन गर्ने निर्णय गरियो।

क) <u>निर्देशन समिति</u>

| | |
|---|---|
| आयोगका माननीय अध्यक्ष | संयोजक |
| आयोगका माननीय सदस्यहरु | सदस्य |
| सचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | सदस्य |
| महाशाखा प्रमुख, सबै महाशाखा | सदस्य |
| सहसचिव, प्रतिनिधि, महालेखा नियन्त्रक कार्यालय | सदस्य |
| शाखा प्रमुख, योजना अनुगमन तथा कार्यक्रम शाखा | सदस्य सचिव |

<u>निर्देशन समितिको कार्य जिम्मेवारी</u> :

१. आयोगको सातौं वार्षिक प्रतिवेदन, २०८२ को ढाँचा र प्रतिवेदनमा समावेश गर्ने विषयहरु निर्धारण गर्नेछ ।

२. वार्षिक प्रतिवेदन मस्यौदा समितिलाई आवश्यक निर्देशन दिने, समय समयमा राय सुझाव प्रदान गरी सहजिकरण गर्नेछ ।

३. वार्षिक प्रतिवेदन मस्यौदा समितिको नियमित अनुगमन तथा सुपरिवेक्षण गरी आवश्यकता अनुसार राय सुझाव एवम् पृष्ठपोषण गर्नेछ ।

४. वार्षिक प्रतिवेदन मस्यौदा समितिबाट पेश भएको प्रतिवेदनको मस्यौदा माथि आवश्यक छलफल गरी अन्तिम रुप प्रदान गर्नेछ ।

५. समितिले आवश्यकता अनुसार अन्य कर्मचारीहरुलाई बैठक तथा छलफलमा आमन्त्रण गर्न सक्नेछ ।

६. समितिले कार्यालय समयमा कार्यालय बाहिरबाट आमन्त्रण गरिने प्रतिनिधिको उपलब्धता हुन नसकेमा र नियमित कार्यालय समयका अतिरिक्त समेत कार्य गर्नुपर्ने भएमा कार्यालय समय अघिपछिको समय र सार्वजनिक विदाको समय समेत उपयोग गरी समयमा नै वार्षिक प्रतिवेदन तयार गर्नेछ ।

७. समितिका बैठकमा उपस्थित पदाधिकारीलाई अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिकाको खर्च मापदण्ड अनुसारको बैठक भत्ता उपलब्ध हुनेछ ।